नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति
## उपभोक्ता संरक्षण सम्बन्धी कानूनलाई संसोधन र एकिकरण गर्न बनेको विधेयक माथी व्यवस्थापिका सदस्यमा छलफल

काठमाडौं, श्रावण ३० ।

१. व्यवस्थापिका संसदको आजको बैठकमा उपभोक्ता संरक्षण सम्बन्धी कानूनलाई संसोधन र एकिकरण गर्न बनेको विधायक माथी छलफल शुरु भएको छ । उक्त प्रस्ताब माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मात्रिका प्रसाद यादवज्यूले सैद्धान्तिक छलफलका लागि सदनमा पेस गर्नुभएको थियो । सो अवसरमा माननीय सांसदज्यूहरुले उठाउनु भएको जिज्ञासा/सुझावको बारेमा धारणा राख्नुहुँदै माननीय मन्त्रीज्यूले प्रस्तुत विधेयक उपभोक्ताको हित प्रवर्द्धन गर्न तथा बजारमा हुने व्यापार तथा व्यावसायजन्य क्रियाकलापलाई स्वच्छ र व्यवस्थित गर्दै बजारमा संलग्न सबैलाई उपभोक्ताप्रति उत्तरदायी हुन् वातावरण सृजना गर्न तथा उपभोक्तालाई हुन सक्ने हानि नोक्सानी बापत क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक भएकोले प्रस्तुत गरिएको कुरा बताउनु भयो । साथै उहाँले बजारमा भएका विकृति विसंगतिका बारेमा समयमै सूचना प्रदान गर्न समेत सरोकारवालावाई अनुरोध गर्नुभयो ।

मिति: २०७५/०४/३०

(नवराज ढकाल)
सहसचिव एवं प्रवक्ता